सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम

# २०८२ बैशाख, जेष्ठ र आषाढ महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु (स्वत: प्रकाशन) को विवरण

आदिवासी जनजाति आयोग

पुल्चोक, ललितपुर

आदिवासी जनजाति आयोग

ललितपुर

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम २०८२ साल बैशाख देखि आषाढ महिनासम्म सम्पादित कार्यहरुको विवरणः

१. निकायको स्वरुप र प्रकृतिः

नेपालको संविधानको धारा २६१ मा आदिबासी जनजाति आयोगको व्यवस्था रहेको छ। यस आयोगमा अध्यक्ष र चार जनासम्म सदस्य रहने, राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने, अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने, आयोगका अध्यक्ष तथा सदस्यको योग्यता, पद रिक्त हुने अवस्था, पारिश्रमिक र सेवाका शर्तहरु र आयोगको काम कर्तव्य र अधिकार सम्बन्धि अन्य व्यवस्था संघीय कानून बमोजिम हुने व्यवस्था नेपालको संविधानमा उल्लेख गरिएको छ ।

आदिवासी जनजाति आयोग ऐन, २०७४ को प्रस्तावनामा आदिबासी जनजाति समुदायको गौरवमय इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवद्धन तथा आदिवासी जनजाति समुदायको सशक्तिकरण गर्नको लागि आदिवासी जनजाति आयोगको सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएको व्यहोरा उल्लेख छ।

२. निकायको काम, कर्तब्य र अधिकारः

- आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हकहितको संरक्षण र संवद्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका लागि /fli6«o नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संवद्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- आदिबासी जनजाति समुदायको हक हितको संरक्षण र संवद्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- आदिवासी जनजाति समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,
- आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,
- आदिवासी जनजाति समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तिकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदाय भित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संबर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि चेतना मुलक कार्यक्रम सञ्चालन गर्ने,
- आदिवासी जनजाति समुदायमा विधमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र आदिवासी जनजाति समुदायको सशक्तिकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रव4(न गरी व्यवसायीक प्रयोगमा ल्याउन सहयोग गर्ने,
- आदिवासी जनजाति समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनका लागि आवश्यक सिफारिस/ सुझाव दिने,
- आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सुचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण र सम्बर्द्धनका लागि जिवित सङ्ग्रहालय स्थापना र परिचालनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजातिको उद्गमस्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र संबर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, संबर्द्धन र सशक्तिकरणको लागि नेपाल सरकार र अन्य संघ, संस्थाहरूले सञ्चालन गर्ने चेतनामुलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,
- आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,
- आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण


(१) यस आयोगको स्वीकृत दरबन्दी तेरिज निम्न बमोजिम रहेको छः

| सि.न. | पदको नाम | श्रेणी तह | सेवा | समूह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ |
| २ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ |
| ४ | नायव सुब्बा | रा.प.अन. प्रथम | प्रशासन | सामान्य प्रशासन | २ |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | विविध | | १ |
| ७ | हलुका सवारी चालक | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | २ |
| ८ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | ३ |
| जम्मा | | | | | १३ |



आदिवासी जनजाति आयोग

(२) <u>आदिवासी जनजाति आयोगको संगठन संरचना</u>




नोटः नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७।०८।३० गतेको निर्णय अनुसार संसोधीत संगठन संरचना

१. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अन. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।

२. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणी विहिन) प्रत्येक पदाधिकारी/सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।

३. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने कार्यालयय सहयोगी (श्रेणी विहिन) दुइ जना सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।

४. स्वीपर १ जना सेवा करारमा नियुक्ति गरिएको ।

❖ आयोगको स्वीकृत संगठन संरचना अनुसार आयोगका अध्यक्ष र सदस्यको मातहतमा सचिव र सचिवको मातहतमा अन्य कर्मचारी रहने व्यवस्था छ।आदिवासी जनजाति आयोग ऐन, २०७४ बमोजिम आयोगबाट भएका निर्णय कार्यान्वयन तथा प्रचलित कानुन बमोजिमका व्यवस्थापकीय कार्यहरु सम्पादन गर्नको लागि प्रशासन,योजना तथा अनुगमन शाखा र अधिकार प्रवर्द्धन तथा सशक्तिकरण इकाई गरी २ वटा शाखा र इकाईको व्यवस्था रहेको छ।स्वीकृत दरवन्दी अनुसारका प्रत्येक कर्मचारीहरुलाई निजले सम्पादन गर्नु पर्ने कामहरुको विवरण उपलब्ध गराइएको छ।

४. आयोगबाट प्रदान गरिने सेवा:

आदिवासी जनजाति आयोगलाई मुख्य गरी आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संवर्द्धन तथा आदिवासी जनजाति समुदायको सशक्तिकरणको लागि गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने जिम्मेवारी आदिवासी जनजाति आयोग ऐन, २०७४ ले प्रदान गरेको छ। त्यस बाहेक आदिवासी जनजाति आयोगले आदिवासी जनजाति समुदायमा प्रत्यक्ष रुपमा सेवा प्रदान गर्न सक्ने ऐनमा उल्लेख भएका विषयहरु निम्नानुसार रहेका छन:

- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि चेतना मुलक कार्यक्रम संचालन गर्ने
- आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने,
- आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, संवर्द्धन र सशक्तिकरणको लागि नेपाल सरकार र अन्य संघ संस्थाहरुले सञ्चालन गर्ने चेतनामुलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,
- आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

आयोगबाट प्रदान गरिने सेवा प्रशासन,योजना तथा अनुगमन शाखा र अधिकार प्रवर्द्धन तथा सशक्तिकरण इकाई कार्यरत कर्मचारी मार्फत प्रवाह हुन्छ। ती दुबै शाखा र इकाईमा कार्यरत कर्मचारीहरु आफूलाई तोकिएको कार्य विवरण अनुसारको सेवा प्रवाह गर्न जिम्मेवार हुन्छन्।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी:

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा २७ मा यो ऐन कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्ने र सोही ऐनको दफा २८ मा आयोगले सम्पादन गर्नु पर्ने कामहरु सुचारु रुपले सञ्चालन गर्न वा गराउनको लागि ऐन तथा नियमको अधिनमा रही आवश्यक निर्देशिका बनाउन सक्ने उल्लेख छ। सो बमोजिम नियम तथा निर्देशिकाहरु बने पछि सोही बमोजिम सेवा प्रवाह हुनेछ।

७. निर्णय गर्ने प्रकृया र अधिकारी:

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा १३ अनुसार आयोगले यस ऐन बमोजिम गर्नु पर्ने काम आयोगको बैठकको निर्णय बमोजिम हुनेछ। सो बाहेकका प्रशासनिक/व्यवस्थापकीय निर्णय सामान्यतया सचिवस्तरबाट सदर हुनेछ ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

आयोगको सचिव भन्दा मुनिका कर्मचारीहरु उपरको उजुरी र गुनासाहरु सचिव र सचिव सम्वन्धमा भएको उजुरी आयोगको अध्यक्ष ।

९. सम्पादन गरेका कामको विवरणः

नेपालको संविधान, आदिवासी जनजाति आयोग ऐन, २०७४ अनुरुप यस आयोगबाट दैनिक प्रशासनिकका अतिरिक्त निम्न कार्यहरु/कार्यक्रमहरु सम्पादन भएका छन्।

- मिति २०८२ वैशाख ०४ गते आदिवासी जनजाति आयोगले नेपालको संविधानको धारा २९४ को उपधारा ३ बमोजिम वार्षिक प्रतिवेदन प्रदेश प्रमुख मा. सुमित्रा सुवेदी भण्डारी मधेश प्रदेश समक्ष आयोगका मा. अध्यक्ष रामबहादुर थापामगर तथा सचिव नूरहरि खतिवडा सहितको टोलीद्वारा पेश गरिएको।
- मिति २०८२ वैशाख ७ गते संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा २०८२ वैशाख ८ गतेदेखि १९ गते सम्म हुने Twenty-fourth Session of the United Nations Permanent Forum on Indigenous Issues(UN-PFII) मा संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीको नेतृत्वमा यस आयोगका माननीय सदस्य रीना राना कार्यक्रममा सहभागिता रहेको।
- मिति २०८२ वैशाख १२ गते यस आयोगको मिति २०८२ वैशाख ११ गते भएको निर्णय अनुसार गृहमन्त्रालयबाट प्रस्ताव गरिएको जग्गा प्राप्ति सम्बन्धी ऐनमा स्वतन्त्र, अग्रिम जानकारी सहितको सहमति (Free Prior and informed Consent-FPIC)कार्यान्वयन अनिवार्य गर्ने व्यवस्थाको लागि दफा थप गर्न गृह मन्त्रालय तथा कानून न्याय तथा संसदीय मामिला मन्त्रालयलाई अनुरोधका लागि लेखि पठाइएको।
- मिति २०८२ वैशाख १५ गते काठमाण्डौ तराई/मधेस द्रुतमार्ग परियोजना जग्गा विवाद सम्बन्धमा विवाद स्थल बुङ्मति र खोकना क्षेत्रमा आयोगका माननीय अध्यक्ष रामबहादुर थापामगर, माननीय सदस्य सुर्यबहादुर गुरुङ र सचिव नूरहरि खतिवडा उपस्थित भई विवाद क्षेत्रको स्थलगत अनुगमन सहित सरोकारवालाहरुसंग समन्वय बैठक तथा अन्तरक्रिया संचालन गरिएको।
- मिति २०८२ वैशाख २२ गते काठमाण्डौं तराई/मधेश द्रुतमार्ग परियोजना जग्गा विवाद सम्बन्धमा आयोगको सभाहलमा मन्त्रालय, विभाग, प्रतिनिधि सभा, सदस्य प्रदेश मन्त्री प्रदेश सभा सदस्य तथा स्थानीय सरकारका उच्चपदस्थ प्रतिनिधिहरु समेतको सहभागितामा उच्चस्तरीय छलफल कार्यक्रम सम्पन्न भएको।
- मिति २०८२ वैशाख २७ गते सम्माननीय सभामुख देवराज घिमिरेज्यूको प्रमुख आतिथ्यतामा आदिवासी जनजाति आयोगबाट विज्ञ परामर्श सेवा मार्फत नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान(NASC)बाट तयार र आयोगले प्रकाशन गरेको "नेपालको सार्वजनिक निकायमा आदिवासी जनजातिहरुको प्रतिनिधित्व" नामक पुस्तकको सार्वजनिकिकरण गरिएको।
- मिति २०८२ वैशाख २९ गते आयोगका माननीय सदस्य डा. मीन बहादुर श्रीस र सचिव नूरहरि खतिवडा जनवादी गणतन्त्र चीनको Academy For International Business Official ले १३ देखि २६ मे, २०२५ सम्म बेजिङमा आयोजना गरिएको Ethnic Policies and Practices For BRI Partner Countries नामक सेमिनारमा सहभागी हुनु भएको।
- मिति २०८२ वैशाख ३१ गते आयोगको आयोजनामा अन्तरक्रियात्मक समीक्षा गोष्ठी गरिएको कार्यक्रममा पूर्व गृह मन्त्री तथा संविधान सभा सदस्य, सरकार माओवादी वार्ता समिति संयोजक तथा हाल राष्ट्रिय सभा सदस्य मा. कृष्ण प्रसाद सिटौलाज्यू, पूर्व मन्त्री तथा महासचिव ने.क.पा माओवादी केन्द्र ,सरकार माओवादी वार्ता समिति सदस्य मा. देव प्रसाद गुरुङज्यू, पूर्व मन्त्री,संविधान सभा सदस्य, सरकार माओवादी वार्ता समिति सदस्य तथा उप महासचिव प्रदीप ज्ञवालीज्यू प्रमुख वक्ता रहनुभएको,प्रमुख वक्ताहरुबाट समुदायका

समस्या समाधान गर्न आयोगको सिफारिस कार्यान्वयनमा गर्न सक्रिय भूमिका निर्वाह गर्ने कुरा व्यक्त गरिएको।

- २०८२ जेष्ठ ६ गते काठमाण्डौं तराई/मधेश द्रुतमार्ग परियोजना जग्गा विवाद सम्बन्धमा, विवाद स्थल बुझ्मति र खोकना क्षेत्रको अध्ययन पछि जिरो पोइन्ट डुकुछाप हुनुपर्छ भन्ने समुदाय तथा डुकुछाप क्षेत्रका स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरुको माग बमोजिम आयोगका माननीय अध्यक्ष रामबहादुर थापामगर,माननीय रीना राना, माननीय सदस्य सुर्यबहादुर गुरुङ तथा संघीय संसद प्रतिनिधि सभा सदस्य उदय सम्शेर ज.ब.रा लगायत सरोकारवालाहरु समेतबाट स्थलगत अनुगमन तथा छलफल कार्यक्रम गरिएको।
- २०८२ जेष्ठ ८ गते देखि १४ गते सम्म माननीय अध्यक्ष रामबहादुर थापामगर पाल्पा र चितवनका स्थानीय सरकारहरुसंग आदिवासी जनजातिहरुका अधिकारहरुको विषयमा प्रशिक्षणात्मक मन्तव्य एवं आयोगले गरेका स्थानीय सरकार सम्वन्धी कार्यक्रमहरुको जानकारी बिषयको समन्वयात्मक कार्यक्रम भएको।
- २०८२ जेष्ठ ८ गते देखि १४ गते सम्म माननीय सदस्य रीना राना र माननीय सदस्य शरण राईबाट मुस्ताङ जिल्लाका बिभिन्न स्थानमा बसोबास गर्ने थासाङ थकालीहरुको सूचीकरण सम्वन्धी स्थलगत अध्ययन तथा बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको अनुगमन गर्नु भएको।
- २०८२ जेष्ठ १४ गते संयुक्त राष्ट्रसंघीय मानवअधिकार संयन्त्र विश्वव्यापी आवधिक समिक्षा सम्वन्धमा आयोगबाट भएका पहल र प्रगति तथा चौथो चक्रमा उठान गर्नु पर्ने विषयहरु राष्ट्रिय मानवअधिकार आयोगमा जानकारी गराइएको।संघीय संसद, प्रतिनिधि सभा महिला तथा सामाजिक मामिला समितिसंग समेत उक्त विषयको प्रस्तुतिकरण गरिएको।
- २०८२ जेष्ठ १८ गते देखि २१ गते सम्म माननीय अध्यक्ष रामबहादुर थापामगर रसुवा र नुवाकोट जिल्लाका स्थानीय सरकारहरुसंग आदिवासी जनजातिहरुका अधिकारहरुको बिषयमा प्रशिक्षणात्मक मन्तव्य एवं आगामी आ.ब.मा स्थानीय सरकारबाट तयारहुने निति तथा कार्यक्रम र बजेटमा आदिवासी जनजातिहरुको पहुच बिषयको समन्वयात्मक कार्यक्रम भएको।
- मिति २०८२ जेष्ठ २८ गते काठमाण्डौं तराई/मधेश द्रुतमार्ग परियोजना जग्गा विवाद सम्बन्धमा अध्ययन गरि प्रतिवेदन पेशगर्न मा. सदस्य डा. मीनबहादुर श्रीसको संयोजकत्वमा गठित्त समितिले आयोगका अध्यक्ष समक्ष प्रतिवेदन पेश गरिएको ।
- मिति २०८२ आषाढ ३ गते देखि १२ गते सम्म माननीय सदस्य रीना रानाको नेतृत्वमा कालिका, गोसाइकुण्ड, स्याफ्रुवेशी, रसुवा, लिखु तथा विदुर नगरपालिकाको अनुगमन भएको।
- मिति २०८२ आषाढ ४ गते आयोगले काठमाण्डौं तराई/मधेश द्रुतमार्ग परियोजना जग्गा विवाद सम्वन्धमा तयार प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष आयोगका अध्यक्ष रामबहादुर थापामगरद्धारा प्रतिवेदन हस्तान्तरण गरिएको।
- मिति २०८२ आषाढ ४ गते देखि ९ गते सम्म माननीय अध्यक्ष रामबहादुर थापामगरको नेतृत्वमा माननीय सदस्य सुर्यबहादुर गुरुङ र कर्मचारीहरु समेत चितवन, नवलपरासी, बाँके र बर्दिया जिल्लाको निकुञ्ज क्षेत्रको आसपासका स्थानहरुमा बसोबास गर्ने आदिवासी जनजाति लगायत स्थानीय बासिन्दाहरुलाई निकुञ्जले पारेको

आदिवासी जनजाति आयोग

प्रभाव सम्बन्धमा स्थलगत अध्ययन तथा पिडितहरु माझ स्थानीय स्तरमा सचेतनामूलक अन्तर्क्रिया कार्यक्रम संचालन गरिएको।

- मिति २०८२ आषाढ १२ गते देखि १७ गते सम्म माननीय अध्यक्ष रामबहादुर थापामगरबाट निर्माणाधिन तनहुँ हाइड्रो पावरकम्पनीका विषयमा आयोगमा परेको उजुरीका बिषयलाई लिएर कम्पनीले स्थानीय आदिवासी जनजातिहरुलाई परेको प्रभाव बिषयमा अध्ययन गर्न अनुगमन गर्नु भएको।
- मिति २०८२ आषाढ १२ गते देखि १७ गते सम्म माननीय सदस्य सुर्यबहादुर गुरुङबाट मकवानपुर जिल्ला मनोहरी गाउँपालिकाका हाडिखोलामा बसावास गर्ने भुमिहिन आदिवासी बनकरियाका बिषयमा सरोकारवाला सरकारी निकायहरु स्थानीय सरकारका प्रतिनिधिहरु समेतको उपस्थितिमा अनुगमन गरिएको।
- मिति २०८२ आषाढ १८ गते संयुक्त राष्ट्रसंघको Special Rapporteur On The Rights Of Indigenous Peoples, Albert K. Barume संग बैठकको आयोजना गरिएको। आयोगका माननीय अध्यक्ष लगायत माननीय सदस्यहरु र कर्मचारीहरु समेतको उपस्थितिमा भएको बैठक आयोगको सभाहलमा भएको।
- मिति २०८२ आषाढ २३ गते आयोगका सचिव, रा.प.प्रथम, श्री नूरहरि खतिवडा(सहसचिव) अनिवार्य अवकाश हुनुभएकोले निजको निवृत जिवन सुखमय रहोस भनि आयोगको तर्फबाट माननीय अध्यक्ष तथा माननीय सदस्यहरु र कर्मचारीहरुबाट शुभकामना सहित बिदाई गरिएको।
- २०८२ आषाढ २६ गते संघीय संसद, राष्ट्रिय सभा, संघीय सवलीकरण तथा राष्ट्रिय सरोकार समितिसंग यस आयोगले हालसम्म गरेका कामकारवाहीको अवस्था नीतिगत कानूनी अवस्था, लगायतका समस्या, चुनौती र समितिसंग गरिएका अपेक्षाबारे छलफल तथा अन्तर्क्रिया गरिएको।
- मिति २०८२ आषाढ ३० गते आयोगले काठमाण्डौं तराई/मधेश द्रुतमार्ग परियोजना जग्गा विवाद सम्बन्धमा प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष आषाढ ४ गते बुझाएको प्रतिवेदनको बिषयमा सरोकारवालाहरुको माग बमोजिम प्रतिनिधि सभाका सम्मानलीय सभामुख देवराज घिमिरेको प्रमुख अतिथ्यतामा आयोगको सभाहलमा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी दिने कार्यक्रम गरिएको।

**१०.प्रमुखको नाम, पद र सूचना अधिकारी**

- प्रवक्ता उपसचिव श्री बिजय राना मो.नं. ९८४१६६९०७६
- सूचना अधिकारी शाखा अधिकृत श्री दया कृष्ण ढकाल मो.नं. ९८४२६२६८१५

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

यस आयोगको कामसंग सम्बन्धित ऐन नियम, विनियम वा निर्देशिकाको सूची निम्न अनुसार रहेको छः

- नेपालको संविधान,
- आदिवासी जनजाति आयोग ऐन, २०७४,
- निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०,
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि नियमावली, २०५५,

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५,
- संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०५३,
- सुशासन तथा (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा नियमावली, २०६५,
- भ्रमण खर्च नियमावली, २०६४,
- आदिवासी जनजाति आयोगका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता, २०७९।

१२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:

यस आयोगको आ.व. २०८१।८२ को लागि स्वीकृत बजेट र २०८२ आषाढ मसान्तसम्मको निकासा र खर्च निम्नानुसार रहेको छ:

| सि.न. | बजेट शीर्षक नं. | स्वीकृत वार्षिक बजेट रकम रु. | निकासा भएको रकम रु. | खर्च भएको रकम रु. | बाँकी रहेको रकम रु. |
|---|---|---|---|---|---|
| १ | २२८०००११३ चालु | ३,०६,११,७२६.००।- | २,६६,२३,८२०.३९।- | २,६६,२३,८२०.३९।- | ३९,८७,९०५.६१।- |
| २ | २२८०००११४ पुँजिगत | १०,००,०००।- | ५,१०,२४९.६०।- | ५,१०,२४९.६०।- | ४,८९,७४०.४०।- |
| ३ | २२८००००१३ चालु | ८२,००,०००।- | ७८,४२,१७८.६०।- | ७८,४२,१७८.६०।- | ३,५७,८२१.४०।- |
| | | | ३,४९,७६,२४८.६१।- | ३,४९,७६,२४८.६१।- | ४८,३५,४६७.४१।- |

१३. तोकिए बमोजिमको अन्य विवरण:

आयोगले पञ्चवर्षिय रणनीतिक योजना अनुसार बजेट तथा कार्यक्रम बनाई कार्यान्वयन गर्दै आएको छ। आयोगमा परेका उजुरीहरु समाधानका लागि आवश्यकता अनुसार अध्ययन कार्यदल गठन गरी प्राप्त सुझावका आधारमा नेपाल सरकारलाई सिफारिस गर्ने गर्छ।

१४.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण:

आदिवासी जनजातिमा राई जातिको उद्गम स्थल/थातथलो पहिचान सम्बन्धी अध्ययन, आदिवासी जनजातिमा तामाङ जातिको उद्गम स्थल/थातथलो पहिचान सम्बन्धी अध्ययन, आदिवासी जनजातिमा सन्थाल जातिको उद्गम स्थल/थातथलो पहिचान सम्बन्धी अध्ययन, निजामती सेवामा आदिवासी जनजातिको आरक्षणको अवस्थाको अध्ययन र विश्लेषण सम्बन्धी अध्ययन, सूचीकृत आदिवासी जनजाति समुदायको थर एवं आदिवासी जनजाति ज्ञान सम्मेलन लगायतका अन्तरक्रिया र अनुगमनका कार्यक्रम सम्पन्न।

१५. सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण:

यस आयोगको वेभसाइटयरहेको छ।

आदिवासी जनजाति आयोग

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनजाति मामिला आयोग (National Ethnic Affairs Commission) का माननीय मन्त्री H.E.Pan Yue र आदिवासी जनजाति आयोग(Indigenous Nationalities commission)का अध्यक्ष माननीय रामबहादुर थापामगर बिच सांस्कृतिक सम्पदाको संरक्षण, अध्ययन, अनुसन्धान गर्ने र विश्वविद्यालयका प्राध्यापक र विद्यार्थीहरु एक अर्काको देशमा अध्ययन अनुसन्धानको लागि आदान प्रदान गर्ने विषयमा Memorandum of Understanding (MOU) भएको।

१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन:

आदिवासी जनजातिको समग्र स्थिति, आदिवासी जनजाति समुदायको वर्गीकरण, जनजातिका सांस्कृतिक सम्पदा सम्बन्धी अध्ययन गरी प्रतिवेदन प्राप्त भएको।

१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:

आयोगले वर्गिकरण गरेको छैन।

१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएका विषय:

आदिवासी जनजाति मध्ये नेवारभित्र पर्ने जुगि जातिको आवासिय अधिकारका विषयमा माग दाबी सहितको रुक्सना कपालीज्यूले तयार गरी श्वेतपत्र पठाउनु भएको र वहाँले सो सम्बन्धमा आयोगबाट भएका कार्यहरुका बारेमा सूचना माग गर्नु भएकोमा आयोगको क्षेत्राधिकार भित्र नपर्ने भनि लिखित रुपा जवाफ/सूचना दिइएको।

२०. सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण: सरोकारवालालाई जानकारी दिन आवश्यक सूचनाहरु आयोगको वेभसाइट www.inc.gov.np मा राखे गरिएको छ ।

आदिवासी जनजाति आयोग

दयाकृष्ण ढकाल
सूचना अधिकारी